आज मिति २०७६/०८/०१ गते आइतबारका दिन शिवालय गाउँपालिका, सिमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

<u>तपसिल</u>

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान वहादुर पुन | वडाध्यक्ष वडा नं. १ |
| श्री प्रेम वहादुर वस्नेत | वडाध्यक्ष वडा नं. २ |
| श्री प्रेमदेव शर्मा | वडाध्यक्ष वडा नं. ३ |
| श्री तेज वहादुर वुढा | वडाध्यक्ष वडा नं. ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडाध्यक्ष वडा नं. ५ |
| श्री भक्त वहादुर थापामगर | वडाध्यक्ष वडा नं. ६ |
| श्री विरवल खत्री | वडाध्यक्ष वडा नं. ७ |
| श्री जसविर वली | वडाध्यक्ष वडा नं. ८ |
| श्री दिपक वहादुर खड्का | वडाध्यक्ष वडा नं. ९ |
| श्री शेर वहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो वादी | कार्यपालिका सदस्य |
| श्री सिर्जना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी वस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री विपना वुढा | कार्यपालिका सदस्य |
| श्री धनीराम शर्मा | सचिव |

प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु

१. प्रधानमन्त्री रोजगार कार्यक्रमको आयोजना छनौट सम्बन्धमा ।

२. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धमा ।

३. भोलुङ्गे पुल माग सम्बन्धमा ।

४. बेरोजगार तथ्यांक संकलक स्वयंसेवक सम्बन्धमा ।

५. एम्बुलेन्स ड्राइभर व्यवस्थापन सम्बन्धमा ।

६. गाउँ शिक्षा समिति सदस्य सचिव सम्बन्धमा ।

७. भेरियसन सम्बन्धमा ।

## निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ मा छलफल गर्दा शिवालय गाउँपालिकामा आ.व. २०७६/७७ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्नका लागि तपसिलका आयोजनाहरु छनौट गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा (प्रधानमन्त्री रोजगार कार्यक्रम) प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपसिल

१. कल्याना खोला कजवे निर्माण, शिवालय ५ र ७

२. मैलतडा खोला कजवे निर्माण, शिवालय २ र ८

३. खालुवा बडाकाँडा सडक स्तरोन्नती, शिवालय ९

४. सालघाडी टोलबाट गैराटोल जाने सडक स्तरोन्नती, शिवालय २

५. मोर्क बजारदेखि नैरा माविसम्म घोरेटो बाटो निर्माण, शिवालय १

६. धाला कचाली सडक स्तरोन्नती, शिवालय ६

७. रिठ्ठा ताझा सडक स्तरोन्नती, शिवालय ३

८. रिठ्ठा टाटा सडक स्तरोन्नती, शिवालय ४

९. भुतेपोखा सडक स्तरोन्नती, शिवालय २

१०. कल्याना भिउस सडक स्तरोन्नती, शिवालय ७

११. बडाखोलाटोल तटबन्धन निर्माण, शिवालय ५

प्रमुख प्रशासकीय अधिकृत

### निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल गर्दा शिवालय गाउँपालिका क्षेत्रभित्रका विभिन्न नदि तथा खोलाहरुबाट ढुंगा गिट्टी बालुवा संकलन गर्ने उद्देश्यले तयार गरिएको प्रारम्भिक वातावरणीय प्रतिवेदन स्वीकृतीका लागि जिल्ला समन्वय समिति जाजरकोटमा पेश गर्ने निर्णय गरियो ।

### निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल गर्दा शिवालय गाउँपालिका अन्तर्गत निर्माण गर्नुपर्ने तपसिलका झोलुङ्गे पुलहरु निर्माणका लागि आवश्यक बजेट व्यवस्थाका लागि श्री हुरेन्डेक सेवक नेपाल सुर्खेत र श्री टि बि एस यु सुर्खेतलाई पत्राचार गर्ने निर्णय गरियो ।

तपसिल

१. बालुवा खोला झोलुङ्गे पुल, शिवालय ९
२. गौथले बल्लेबन झोलुङ्गे पुल, शिवालय ३
३. तल्लो बडाखेत झोलुङ्गे पुल, शिवालय ८
४. नेपाखोला ट्रस ब्रिज निर्माण, शिवाय २
५. वडाखोला तल्लेतडा झोलुङ्गे पुल, शिवालय ६

### निर्णय नं. ४

प्रस्ताव नं. ४ मा छलफल गर्दा शिवालय गाउँपालिकाका विभिन्न वडाहरुबाट प्राप्त बेरोजगारसम्बन्धी तथ्यांक अपुरो, अस्पष्ट र भ्रमपूर्ण देखिएकोले उक्त तथ्यांकलाई अद्यावधिक गर्न प्रत्येक वडामा एक एक जना तथ्यांक संकलक स्वयंसेवक खटाई पुनः तथ्यांक संकलन गर्ने र त्यस्ता स्वयंसेवकहरुलाई दैनिक १२०० का दरले कम्तिमा ८ दिनको पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

### निर्णय नं. ५

प्रस्ताव नं. ५ मा छलफल गर्दा शिवालय गाउँपालिकाले सञ्चालनमा ल्याएको एम्बुलेन्स सेवाको लागि राखिएका हलुका सवारी चालक श्री यम कुमार सिंहलाई शिवालयबाट सुर्खेत तथा नेपालगञ्जसम्म गई फर्कदा खाजा खर्चबापत एकपटकको लागि रु. ५०० विविध खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. ६

प्रस्ताव नं. ६ मा छलफल गर्दा शिवालय गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा हालसम्म कुनै पनि कर्मचारी खटिन नआएको सन्दर्भमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको जिम्मेवारी पाई कामकाज गर्दै आउनु भएका मा.शि. (द्वितीय) श्री इन्द्र बहादुर थापा क्षेत्रीलाई यस गाउँपालिकामा गठित **गाउँ शिक्षा समिति**को सदस्य सचिवको जिम्मेवारी दिई काममा लगाउने निर्णय गरियो ।

## निर्णय नं. ७

प्रस्ताव नं. ७ मा छलफल गर्दा शिवालय गाउँपालिकाको केन्द्र ऐरेलीबाट नेपा हुँदै खनेटा जाने सडक निर्माणको कार्य कर्णाली प्रदेश सरकारको समपुरक अनुदान र शिवालय गाउँपालिकाको संयुक्त लगानीबाट गत आ.व. २०७५/७६ मा टेण्डर प्रक्रियामा गई चालु आ.व.को पहिलो चौमासिक भित्र नै कार्य सम्पन्न भएकोमा उक्त निर्माण कार्यको लागि तयार गरिएको लागत अनुमानमा अस्वभाविकरुपमा फरक देखिएको, कैयौ स्थानमा कडा माटो कटान गर्नुपर्ने भनी अनुमान गरिएकोमा कडा चट्टान फेला परेको र सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ को अधिनमा रही गरिने भेरियसनको प्रावधान बमोजिम यस गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतको तहबाट भेरिएसन गर्न नमिल्ने भएकोले उक्त कार्यको लागत अनुमान देहायबमोजिम भेरिएसन गर्ने निर्णय गरियो ।

| विवरण | अनुमान गरिएको आयतन | नापमा देखिएको आयतन | फरक आयतन |
|---|---|---|---|
| नरम माटो कटान | २३९४० घन मिटर | १६४५२ घन मिटर | -७४८८ घन मिटर |
| कडा माटो कटान | २९९४५ घन मिटर | ९४८७ घन मिटर | -२०४५८ घन मिटर |
| साधारण चट्टान कटान | १०८० घन मिटर | ५९३४ घन मिटर | +४८५४ घन मिटर |
| कडा चट्टान कटान | २४८२ घन मिटर | २७४८ घनमिटर | +२६६ घन मिटर |

शिवालय गाउँ कार्यपालिकाको मिति २०७६/०८/०१ मा बसेको छत्तिसौं बैठकबाट उपरोक्तानुसारका निर्णयहरु भएको व्यहोरा प्रमाणित गर्दछु ।

प्रमुख प्रशासकीय अधिकृत